का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक १२१
❐ १० असार २०७७, बुधबार
❐ 24 June 2020, Wednesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेटः मंगलबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | १००९९ जना | २२२४ जना | १८६३६६ | ७८५१ | २४ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ९२ लाख २९ हजार | ४९ लाख ७१ हजार | ४ लाख ७५ हजार | ३७ लाख ८२ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# शून्य समय हुन्न सुनुवाइ

**प्रतिनिधिसभाको शून्य समयमा सांसदहरूले उठाएका जनताका समस्या औपचारिकताका लागि मात्रै हुने गुनासो र वास्तविकता छ। तर पनि सांसदहरूले शून्य समयमा थरिथरिका समस्या राख्ने गर्छन् । मंगलबारको बैठकमा किसानको समस्या देखि क्वारेन्टिन व्यवस्थापनबारे समेत चर्चा भयो ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असार ।


संघीय संसद् भवन नयाा बानेश्वरमा मंलबार बसेको प्रतिनिधिसभाको शून्य समयमा बोल्दै सांसद । तस्वीरः रोशन सापकोटा

जनताबाट प्रत्यक्ष निर्वाचित सांसदहरुको सहभागिता रहेको प्रतिनिधिसभामा जनप्रतिनिधिहरुले शून्य समयमा उठाउने जनताका समस्याको सुनुवाइ नहुने भएको भन्दै लामो समय देखि गुनासो रहँदै आएको छ । तर, सुनुवाइ नहुने तथा कतिपय अवस्थामा मन्त्रीहरु नै अनुपस्थित रहने भएकाले बैठक नै नबस्ने भएपनि सांसदहरुले प्रश्न उठाउन भने छाड्दैनन् ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कै नेताहरुले पनि यसबारे असन्तुष्टि जनाउँदै आएका छन् । मार्क्सवादी विश्लेषक रहेका कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भूसालले संसद र सरकार औपचारिकतामा मात्रै रुमलिने गरेको संसदमै जवाफ दिएका छन् । गएको जेठ २६ गते मन्त्रालयत गत प्रश्नबारे मन्त्री भूसालले संसदीय अभ्यास नै औपचारिकतामा सीमित बन्न थालेको बताए ।

राष्ट्रियसभा सांसद रामनारायण बिडारीले बजेटमाथिको बहस लिदै यसबारे सरकारको ध्यानाकर्षण गराएका थिए । सरकारको भत्ता बुझेर गरिने छलफल औपचारिकतामा मात्रै सीमित हुने गरेको बताए । तर, यो सरकारले मात्रै होइन, यसअगाडिका सरकारहरुले पनि यसबारे कुनै सुनुवाई गर्ने गरेको पाइदैन ।

## थरिथरिका समस्या

मंगलबारको प्रतिनिधिसभामा पनि सांसदहरुले जनताका विभिन्न समस्याबारे प्रश्न उठाएका छन् । विशेषगरी किसानको समस्या बारे सांसदहरुले जोड दिएका छन् । मानो रोपेर मुरी उब्जाउने समयमा मल तथा बीउ नपाएर किसान छट्पटिएकाले तत्काल मल र बीउ उपलब्ध गराउन सांसदहरुले सरकारको ध्यानाकर्षण गराए ।

नेपाल कृषिप्रधान देश भए पनि कृषि क्षेत्र प्रति सरकारी बेवास्ता रहेको सांसदहरुले गुनासो गरे । सांसदहरुले कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको एक तिहाइ योगदानलाई नभुल्न सरकारको ध्यानाकर्षण गराउँदै देशव्यापी रुपमा देखिएको मल तथा बीउको अभावको समस्या समाधान गर्न माग गरे ।

सांसद लक्ष्मीकुमारी चौधरीले प्रश्न गरिन्, "मल बीउ नपाएर किसानले कहिलेसम्म रुनु पर्ने हो ?" सांसद भरकुमार शाहले किसान धमाधाम बर्खेखेती लगाउन व्यस्त रहेका अवस्थामा रासायनिक मलको चरम अभाव भएको जनाए । सांसद राजेन्द्रकुमार राईले किसानलाई तत्काल रासायनिक मल उपलब्ध गराउन माग गरे ।

सांसद वृजेशकुमार गुप्ताले सामुदायिक विद्यालयको गुणस्तर दिनप्रतिदिन खस्कँदै गएकाले तत्काल शैक्षिक गुणस्तर सुधार गर्न सरकारको ध्यानाकर्षण गराए । उनले अस्थायी, राहतलगायत शिक्षकलाई हटाएर स्थायी शिक्षक मात्र राख्न सरकारसँग माग गरे ।

सांसद रानी मण्डलले क्वारेन्टिनबाट कोरोना सर्ने अवस्था आएको बाँकी पृष्ठ २ मा

# दश हजार नाघ्यो

**मंगलबार मात्रै ५३८ जना थप संक्रमित पुष्टि भएको छ भने एक जनाको मृत्यु भएको छ । मंगलबारसम्म संक्रमित संख्या दश हजार नाघेको छ भने मृतक संख्या २४ पुगेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असार ।


पेटभित्रै मृत्यु भएका बच्चा शल्यक्रिया गरेर निकालिए पछि अधिक रक्तश्रावका कारण सिकिस्त बिरामी दिक्तेलबाट हेलिकोप्टरमा काठमाडौं लैजाने तयारी । तस्वीरः केदार मगर

कोभिड-१९ महामारीको संक्रमित मंगलबार मात्रै ५३८ जना थपिएका छन् । मंगलबार एकै दिन ठूलो संख्यामा संक्रमित थपिएसँगै नेपालमा संक्रमित संख्या दश हजार नाघेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, संक्रमित संख्या दश हजार ९९ पुगेको छ ।

गएको २४ घण्टामा थप एक जनाको मृत्यु भएको छ । सुर्खेतको वीरेन्द्रनगरस्थित प्रदेश अस्पतालको सघन उपचार कक्ष (आईसीयू) मा उपचारत एक संक्रमितको मृत्यु भएको मन्त्रालयले पुष्टि गरेको छ । मन्त्रालयका अनुसार, दैलेखको दुल्लु-३ का ४५ वर्षीय पुरुषको संक्रमणबाट मृत्यु भएको हो ।

ती संक्रमित असार ४ गते अस्पताल भर्ना भएका थिए । उनी लामो समय देखि क्षयरोग पीडित भएको परिवारले जनाएको छ । ती संक्रमितको मंगलबार मृत्यु भएको अस्पतालका कोरोना फोकल पर्सन डाक्र केएन पौडेलले बताए ।

मंगलबारसम्म ७६ जिल्लामा संक्रमण फैलिसकेको छ । रसुवा एक मात्रै जिल्ला हो, जहाँ संक्रमण पुगेको छैन । यसबाहेक सबै जिल्लामा संक्रमित पुष्टि भएको छ । मंगलबार प्युठानमा मात्रै ५० जनामा संक्रमण पुष्टि भएको छ । पाल्पामा ४८, धनुषामा ३९, कैलालीमा ३८, गोरखामा २९, सुर्खेतमा २३, स्याङ्जा, नवलपुर, बझाङ र दैलेखमा २२/२२ जनामा संक्रमण पुष्टि भएको छ ।

पर्वतमा २१, बाजुरामा २०, दाङमा १९, धादिङमा १८, कञ्चनपुरमा १७, बाग्लुङमा १४, रौतहटमा १३, महोत्तरी र झापामा १२/१२ जनामा संक्रमण पुष्टि भएको छ । कास्की र तनहुँमा आठ/आठ जना, सिराहा र अछाममा सात-सात जना, लमजुङ र गुल्मीमा ५/५ जना, सल्यान र डडेलधुरामा चार/चार जना, सुनसरी र रुपन्देहीमा तीन/तीन जनामा संक्रमण पुष्टि भएको छ ।

सरकारले देशका २४ प्रयोगशालाबाट हालसम्म एक लाख ८६ हजार ३६६ जनामा पीसीआर प्रणालीबाट परीक्षण गराएको छ भने दुई लाख ७१ हजार ५८४ जनाको आरडीटी प्रणालीबाट परीक्षण भएको छ । मन्त्रालयले दुई हजार २२४ जना निको भएर घर फर्किएको जनाएका छन् । अझै ८५ हजार ८१३ जना क्वारेन्टिनमा छन् भने सात हजार ८५१ जना आइसोलेसनमा छन् ।

## रकमान्तरको निर्देशन

सरकारले स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको खर्च नभएको रकम कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचार गर्न स्थानीय तहलाई निर्देशन दिएको छ । स्थानीय पूर्वाधार कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ को तेस्रो संशोधन गर्दै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आव २०७६/७७ को कार्यक्रम आयोजनालाई छुट्याइएको तर खर्च गर्न बाँकी रकम कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि खर्च गर्न निर्देशन दिएको हो ।

केही दिन अघि बसेको मन्त्रिपरिषद् बैठकले कार्यक्रमलाई खर्च नभएको रकम कोभिड-१९ नियन्त्रणमा गरिने निर्णय गरेसँगै मन्त्रालयले कार्यक्रम निर्देशक, समितिका संयोजकले अन्य सदस्यसँग परामर्श गरी सबै स्थानीय तहको कोभिड-१९ नियन्त्रण गर्न निर्देशन दिएको मन्त्रालयका प्रवक्ता वसन्त अधिकारीले जानकारी दिए ।

उनका अनुसार कार्यक्रमको कुनै आयोजनामा खर्च नभई बचत रहेको रकम स्थानीय तहमा रहेको कोभिड-१९ को व्यवस्थापनको लागि खोलिएको खातामा राखी कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि खर्च गर्ने छन् । कार्यक्रमको बाँकी रकम यही असार १५ गतेसम्म स्थानीय तहमा रहेको कोभिड-१९ को व्यवस्थापनको लागि खोलिएको खातामा जम्मा गर्न भनिएको छ ।

खरिद प्रक्रियामा नै नगई बाँकी रकम ठेक्का व्यवस्थापन गर्दा बचत हुन गएको र निर्माण बाँकी पृष्ठ २ मा

# मलेसियाले डिसेम्बरसम्म नयाँ कामदार नलिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असार



मलेसियामा श्रम बजारमा देखिएको कामदारको अभाव पूर्ति गर्न अवैध हैसियतमा रहेका कामदारहरुलाई रिहाइरिङ अर्थात पुनः भर्ना गर्ने मलेसियाको गृह मन्त्रालयको कदमको त्यहाँका ट्रेड यूनियनहरुले विरोध गरेका छन् ।

सोमबार मलेसियामा श्रम बजारमा रहेको कामदारको अभावलाई पूरा गर्न दुईवटा नीतिगत निर्णय लगभग एकैसाथ सार्वजनिक भएका थिए । गृहमन्त्रालयले त्यहाँको अध्यागमन विभागद्वारा सञ्चालित बन्दीगृहमा रहेका अवैध हैसियतका विदेशी कामदारहरुलाई रिहाइरिङका माध्यमबाट वैधानिकीकरण गरी काममा लगाउने निर्णय सार्वजनिक गरेको थियो भने मानव संशाधन मन्त्रालयले स्वदेशी कामदारहरुलाई रोजगारीमा प्राथमिकता दिन यस वर्षको अन्त्यसम्म विदेशी कामदारका लागि नयाँ कोटा जारी नगर्ने निर्णय गरेको थियो ।

मानव संशाधन मन्त्री दातुक सेरी एम साराभानन्‌ले स्वदेशी कामदारहरुलाई रोजगारीमा प्राथमिकता दिने भन्दै यस वर्षको बाँकी अवधिमा विदेशी कामदारको नयाँ भर्ना नखुलाउने बताएका थिए भने गृहमन्त्री दातुक सेरी हाम्जाह जैनुद्धिनले अवैध आप्रवासी कामदारहरुलाई रिहाइरिङको माध्यमबाट काममा लगाउँदा बन्दीगृहमा बढेको चाप र श्रम बजारमा रहेको विदेशी कामदारहरुको अभाव एकैसाथ हट्ने बताएका थिए ।

हाल मलेसियामा वैधानिक हैसियतमा २० लाख विदेशी कामदारहरुले काम गरिरहेका छन् भने अवैध कामदारहरुको संख्यामा पनि लाखौंमा रहेको छ । मलेसियाले गत मार्चबाट नयाँ विदेशी कामदार लगेको छैन । तर आवागमन प्रतिवन्धकाबीच औद्योगिक उत्पादन शुरु गरेको मलेसियाका ग्लोब्स उत्पादन गर्ने टप ग्लोब्सजस्ता ठूला कम्पनीमा कामदारको अभाव रहेको छ ।

हाल यूरोपबाट मलेसियाका रबर उद्योगहरुमा स्वास्थ्य सामग्री पठाउन दवाब बढेको छ । कोरोना भाइरस संक्रमणमा कमी नआए स्वास्थ्य सामग्रीको माग वृद्धि भइरहने र त्यसले कामदारको मागलाई पनि बढाउने देखिएको छ ।

तर मानव संशाधान मन्त्री साराभानन्‌लाई उद्‌धृ गर्दै दि स्टारले सोमबार आफ्नो अनलाइनमा लेखेको छ, 'हामीले यो वर्षको अन्त्यसम्म नयाँ विदेशी कामदारलाई भर्ना गर्ने छैनौं । विदेशबाट मलेसियामा पर्यटक मात्र आउने छन्, मलेसियाले स्थानीयलाई रोजगारी दिनका लागि विदेशी कामदारलाई प्राथमिकतामा नराख्ने पटक-पटक बताउँदै आएको छ । तर सेवा सुविधा कम भएको भन्दै स्थानीयले विदेशी कामदारले गर्ने काम गर्न चाहिरहेका छैनन् ।'

यस वर्षको अन्त्य अर्थात् आगामी डिसेम्बरमा स्थानीयलाई रोजगारीमा प्राथमिकतामा राख्ने सरकारी नीतिको प्रभावकारीताबारे समीक्षा गर्ने बताएका छन् । मलेसियन नागरिकहरुले रोजेको काम पाएमात्र गर्ने प्रवृत्ति छोड्नुपर्ने भनाइ समेत राख्दै मन्त्री साराभानन्‌ले भनेका छन्, 'रोजगारी छान्ने प्रवृत्ति छोडौं, किनभने निकट भविष्यमा रोजगारी छान्ने अवसरको सिर्जना हुने स्थिति हुने छैन ।'

## वैदेशिक रोजगार विशेष

### होल्डिङ सेन्टरका लागि श्रमका १९ कर्मचारी

काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आफ्ना १९ जना कर्मचारीलाई विदेशबाट फर्किई होल्डिङ सेन्टरमा बस्ने श्रमिकहरुको सहजीकरणको लागि खटाएको छ ।

मन्त्रालयले मोबाईल नम्बरसहित खटाएका कर्मचारीहरुसँग सम्पर्क गरी सेवा लिन आग्रह गरेको छ । खटिएका कर्मचारीहरु शाखा अधिकृतदेखि सवारी चालकसम्म रहेका छन् ।

# सत्तारुढ सकस

## आजबाट स्थायी कमिटी बैठक

**सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी बैठकमा आजबाट शुरू हुँदैछ । आन्तरिक कलहकै कारण पटक-पटक स्थगित हुँदै आएको स्थायी कमिटी बैठक नेकपा र राष्ट्रिय राजनीतिका लागि निकै महत्वपूर्ण हुने देखिन्छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असार ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी बैठक आज बस्दैछ । बिहान ११ बजे प्रधानमन्त्री निवास बालुवाटारमा बैठक बस्ने भएको पार्टी केन्द्रीय कार्यालय सचिव ईश्वरी रिजालले जानकारी दिए । उनका अनुसार बैठकमा अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्नेछन् ।

यसअघि वैशाख २५ र वैशाख ३१ गते पार्टी केन्द्रीय मुख्यालय धुम्बाराहीमा बोलाइएकोस्थायी कमिटी सदस्यको कोरोना जाँचपछि मात्र बस्ने गरी स्थगन गरिएको थियो । स्थायी कमिटी सदस्य वेदुराम भुसालले बैठकका लागि कुनै कार्यसूची आफूहरुलाई नदिइए पनि सरकार र दलको कामको समीक्षा, आगामी दिनको कार्यभार र पार्टी एकताका बाँकी विषयमा छलफल हुने जानकारी दिए ।

बैठकमा स्थायी कमिटीका ४५ सदस्यसहित आमन्त्रित सदस्यका रुपमा अनुशासन, लेखा र निर्वाचन आयोग, सल्लाहकार परिषद् र ज्येष्ठ कम्युनिष्ट मञ्चका संयोजकको पनि उपस्थिति हुनेछ । स्थायी कमिटी सदस्य देवन्द्र पौडेलले सरकारको कामको समीक्षा, बाँकी पृष्ठ २ मा

जातीय छुवाछूत गर्नु कानुनी रूपमा दण्डनीय र सामाजिक रूपमा निन्दनीय हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## समितिमा निजामति सेवा विधेयकमा छलफल

# 'राजनीतिक सहमति आवश्यक'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असार



संघीय निजामति सेवाको गठन सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि कुनै विवाद भए पार्टीको पदाधिकारी वा सचिवालय बैठकमा छलफल गरी निर्णय गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठीले सांसदहरुलाई सुझाव दिएका छन् । संघीय संसद प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको मंगलबारको बैठकमा छलफलमा भाग लिई मन्त्रालयको धारणा राखिसकेपछि विधेयकमाथि कुरा नमिले नेपाली कांग्रेसले पदाधिकारी बैठक र नेकपाले सचिवालय बैठक गरेर टुंग्याउन सुझाव दिएका हुन् ।

नागरिकता विधेयक सम्बन्धमा रहेको विवाद नेकपाले सचिवालय बैठक र कांग्रेसले पदाधिकारी बैठकबाट निर्णय गरी टुंगो लगाएर परमपरा सुरुवात गरिसकेकाले यो विधेयकमा पनि कुरा नमिलेमा त्यहिंबाट समाधान खोज्न उनले आग्रह गरे । उनले भने, 'एउटा अन्तिममा राखिहालौं नभए समितिले एउटा परम्परा निर्वाह पनि गरिसकेको छ, कुरा मिलेन भने नेपाली कांग्रेसले पदाधिकारी बैठक र नेकपाले सचिवालय बैठक गरेर पनि टुंग्याउन सक्ने एउटा परम्परा शुरु भइसकेको हुनाले त्यो पनि एउटा वैकल्पिक बाटो देखिन्छ ।'

तर बैठकले विधेयकमाथिको छलफल सम्पन्न गरी मंगलबार निर्णय गर्न लागेपछि भने मन्त्री त्रिपाठीले नै थप समय माग गरी निर्णय गर्न दिएनन् । समिति सभापति शशि श्रेष्ठले मंगलबार नै निर्णय गरेर अगाडि बढ्ने बताएपछि मन्त्री त्रिपाठीले यहि अधिवेशनबाट पारित गर्नेमा आफ्नो कुनै दुईमत नभएको तर मंगलबार नै निर्णय गरेर अगाडि बढ्न नसकिने बताएका थिए ।

समितिका अन्य सांसदहरुले पनि अझै केही दिन समय माग गरेपछि सभापति श्रेष्ठले समितिलाई अनिर्णयको विन्दु बनाउन नहुनेमा सचेत गराएकी थिइन् । उनले आफु सभापतिको हैसियतमा सबैको कुरा समन्वय गर्न खोजेको तर टुंगिएको सबै विषयमा निर्णय गर्न फेरी थप समय माग्नु गलत हुने बताइन् । उनले अझैपनि केही असमझदारी भए थप छलफल गरेर स्पस्टसँग राख्न आग्रह गरिन् ।

यद्यपि छलफलका क्रममा मन्त्री त्रिपाठीले स्थानीय तहमा जाने कर्मचारीहरुको वृत्तिविकासमा बाधा हुँदा लोकसेवा पास गरेका व्यक्तिले समेत नियुक्ति नलिएको बताए । मन्त्री त्रिपाठीले विधेयकमा समावेसीको सन्दर्भमा ४५ प्रतिशतको व्यवस्थालाई यथावत राख्ने, प्रदेश सचिव र प्रमुख सचिवको विषयमा संघको हुने तथा प्रमुख प्रशासकीय अधिकृत प्रदेश सरकरको हुने गरी व्यवस्था गरिएको बताए । तर प्रदेश सचिव संघीय सरकारले एकमुस्ट रुपमा पठाउने र मुख्य मन्त्रीको कार्यालयले खटनपटन गर्ने विषयमा मन्त्रालय स्पस्ट रहेको बताए । बैठकमा सांसदहरुले मूल ऐन नबन्दाखेरी प्रदेश र स्थानीय तहले कर्मचारी व्यवस्थापनका सम्बन्धमा काम गर्न नसकेको बताएका थिए ।

## सुत्केरी महिलाको हेलिकोप्टरबाट उद्धार

### उपचारका लागि काठमाडौं पठाइयो



**सन्तोष पौडेल/मध्यान्ह**
खोटाङ, ९ असार

खोटाङकी एक सुत्केरी महिलालाई हेलीकोप्टरमार्फत उद्धार गरिएको छ । केपिलासगढी गाउँपालिका वडा नं २ खार्तम्छाकी १९ वर्षीया मन्दिरा विकलाई हेलीकोप्टरमार्फत उपचारका लागि काठमाडौं पठाइएको हो । सोमबार राति जिल्ला अस्पताल दिक्तेल ल्याइएकी मन्दिराको अत्याधिक रक्तश्राव भइरहेकाले उपचारका लागि काठमाडौं रिफर गरिएको जिल्ला अस्पताल खोटाङका मेडिकल अधिकृत डा. नारायण बरालले जानकारी दिए ।

डा. बरालका अनुसार मन्दिराको बाटैमा पेटभित्र रहेको बच्चा मरिसकेको अनुमान गरिएको छ । गर्भवती मन्दिराको रक्तश्राव भइरहेकाले आमाको समेत ज्यान जोखिममा पर्नेहुँदा थप उपचारका लागि काठमाडौंको थापाथलीस्थित प्रसुतिगृह रिफर गरिएको डा. बरालले जानकारी दिए ।

काठमाडौंस्थित ग्राण्डि अस्पतालसँग सहकार्य गरी ग्राण्डी अस्पतालको हेलीकोप्टरमार्फत मन्दिरालाई उद्धार गरिएको बताइएको छ । अहिले मन्दिराको प्रसुति गृह थापाथलीमा उपचार भइरहेको जनाइएको छ ।

केही दिनदेखि लगातार परिरहेको वर्षा र बाक्लो हुस्सुका कारण समयमा हेलिकोप्टर अवतरण गर्न नसक्दा सुत्केरीको उद्धारमा ढिलाइ भएको जिल्ला अस्पताल खोटाङले जनाएको छ । राष्ट्रपति महिला उत्थान कार्यक्रममार्फत मन्दिरासँगै हालसम्म जिल्लाका चार जना सुत्केरी महिलाको हेलिकोप्तरमार्फत उद्धार भइसकेको छ । दोस्रो पटक गर्भवती भएकी मन्दिरालाई महिला, बाल बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत ग्राण्डी हस्पिटलको हेलिकोप्टरमार्फत उद्धार गरेर काठमाडौं पठाइएको जनाइएको छ । कलिलै उमेरमा वैवाहिक बन्धनमा बाँधिएकी मन्दिराको तीन वर्षीय छोरा छन् ।

मन्दिराको उद्धार, उपचारलगायत सबै खर्च राष्ट्रपति महिला उत्थान कार्यक्रमले व्यहोर्ने प्रतिनिधिसभा सदस्य विशाल भट्टराईले बताए । काठमाडौं अवतरण हुनासाथ अस्पताल भर्ना गरेर उपचार शुरु गरिएकी मन्दिराको स्वास्थ्यमा समेत क्रमिक सुधार आएको सांसद भट्टराईले जानकारी दिए ।

## एमसीसीको विरोधमा प्रदर्शन



**काठमाडौं/मस-** एमसीसी सम्झौता खारेज गर्न माग गर्दै मंगलबार पनि विरोध प्रदर्शन भएको छ । एघार वटा साना कम्युनिष्ट दलले मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) खारेजीको माग गर्दै काठमाडौंको माइतिघर मण्डलामा विरोध प्रदर्शन गरेका हुन् ।

उनीहरुले एमसीसी देशकालागि राष्ट्रघाती हुने र नेपाललाई विदेशी शक्तिको रणभूमि बनाउने भन्दै प्रदर्शन गरेका हुन् । एमसीसी सम्झौता किन राष्ट्रघाती भन्दै विभिन्न कारणहरु लेखिएका ब्यानरहरु लिएर प्रदर्शनकारीहरु सडकमा उभिएका थिए ।

अमेरिकी सैन्य केन्द्रीय मुकाम पेन्टागनको योजना अनुसार हिन्द प्रान्तीय रणनीतिको अभिन्न अंग भएकाले, नेपालको पानी प्रयोग गरी उत्पादन गरिएको बिजुली अन्य देशमा बेच्ने भएकाले, नेपाल सरकारले एमसीसीलाई चित्त बुझ्ने योजना तयार पारी पठाउनुपर्ने र त्यस्तो योजना भारतको सरकारले समर्थन गर्नुपर्ने भएकाले, चीनलाई फौजि रुपमा घेरा हाल्न नेपालमा सैन्य अखडा खडा गर्ने भएकाले, अमेरिकी सरकारले चाहेमा जुनसुकै बेला पनि यो सम्झौता रद्द गर्न सक्ने लगायतका कारणहरु लेखिएका ब्यानरहरु लिएर सडकमा उभिएका थिए ।

त्यस्तै 'युएसए गो ब्याक', 'एमसीसी चाहिदैन देश बेच्न पाइदैन', 'रिजेक्ट एमसीसी', 'नो एमसीसी' लेखिएका पम्पप्लेटहरु लिएर प्रदर्शनकारीहरु सडकमा बसेका थिए । प्रदर्शनमा बालबालिकालाई समेत प्रयोग गरेको देखिएको छ ।

## पीसीआर गरेर मात्र डिस्चार्ज

### गर्न सर्वोच्चको आदेश



**काठमाडौं/मस-** सर्वोच्च अदालतले आइसोलेसन रहेका बिरामीलाई पीसीआर परीक्षण गराएर मात्र घर पठाउन आदेश दिएको छ । अधिवक्ता सन्तोष भण्डारीले दायर गरेको रिटमा सुनुवाइ गर्दै न्यायाधीश आनन्दमोहन भट्टराई र टंकबहादुर मोक्ताङको इजलासले पूर्ण रूपमा निको भएको सुनिश्चित गरेर मात्रै बिरामीलाई घर पठाउन आदेश दिएको हो ।

आइसोलेसनमा रहेका बिरामीहरूको संख्या र सरकारका परीक्षणको क्षमता हेर्दा आइसोलेसनमा रहेका बिरामीहरूको पुनः पीसीआर परीक्षण गर्न सकिँदैन भन्ने नदेखिएको आदेशमा उल्लेख छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई कोरोना भाइरस परीक्षणको विषयमा २०७७ जेठ २२ गतेको निर्णय अनुसार ल्याएको कोरोना परीक्षण सम्बन्धि निर्देशिका कार्यान्वयन नगर्नू भन्दै अदालतले यस्तो आदेश दिएको हो । परीक्षण पश्चात कोरोना संक्रमण देखिइ आइसोलेसनमा राखिएका बिरामी बिना परीक्षण फर्काउने भन्ने कुरा संविधान सम्वत् नदेखिएको समेत सर्वोच्चले जनाएको छ ।

स्वास्थ्य मन्त्रालयले बनाएको निर्देशिकामा आइसोलेसनमा रहेका बिरामीलाई लक्षण नदेखिए १४ दिनमा घर पठाउने व्यवस्था गरिएको थियो । सर्वोच्चको आदेशसँगै अब सरकारले आइसोलेसनमा रहेका बिरामीलाई पीसीआर परीक्षण नगराई घर पठाउन पाउने छैन । रिटमा सोमबार आदेश भएपनि त्यसको प्रति भने सर्वोच्चले आज मात्रै सार्वजनिक गरेको हो ।

## श्रमजीवी पत्रकारको अधिकारका लागि दवाब दिइँदै



**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघ र न्यूनतम् पारिश्रमिक निर्धारण समितिले बन्दाबन्दीका समयमा श्रमजीवी पत्रकारलाई पारिश्रमिक नदिने र सेवाबाट हटाउने कार्य भएमा सैह्य नहुने स्पष्ट पारेको छ । संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) नेपालका निमित्त नेपाल राष्ट्रिय आयोगको आमसञ्चार समितिद्वारा मंगलबार आयोजित 'कोरोना महामारीमा श्रमजीवी पत्रकारको पेशागत सुरक्षा' विषयका भर्चुअल संवादमा महासंघका अध्यक्ष गोविन्द आचार्य र समितिका अध्यक्ष राजेन्द्र अर्यालले ठूला भनिएका सञ्चार गृहमै यस प्रकारको समस्या देखिएकाले सञ्चार उद्यमीसँग सार्थक संवादबाट समाधान नभए दबाबमूलक कार्यक्रम र कानूनी उपचारबाट श्रमजीवी पत्रकारलाई न्याय दिलाइने दृढता व्यक्त गरे ।

अध्यक्ष आचार्यले आवश्यक परेमा सञ्चार गृहमा जुलुस आयोजना र सञ्चार उद्यमीको घरमा धर्नासम्म गरिने बताउँदै भने, 'हाम्रो पहिलो शर्त पत्रकारको पेशागत सुरक्षा हो । काम गर्ने कोही पनि पत्रकार भोकै मर्न हुँदैन भन्नेमा हामी सचेत छौँ र उनीहरुको अधिकार दिलाएरै छाड्छौँ ।' उनले विभिन्न १२ सञ्चार गृहमा कार्यरत पत्रकार तथा कर्मचारीले नियमित तलब नपाएको र कर्मचारी कटौती गर्न थालेको विषयमा ती सञ्चार गृहसँग जवाफ मागिएको जानकारी दिए ।

समितिका अध्यक्ष अर्यालले एक्काइसौँ शताब्दीमा पनि पत्रकारले आफूले काम गरेको रकम माग्न लडाइँ गर्नुपर्ने विडम्बना भएको उल्लेख गर्दै सामाजिक उत्तरदायित्वका लागि अन्य सङ्कटका बेला कोष खडा गरेर परिचालन गर्नसक्ने संस्थालाई पत्रकारलाई तलब नदिइनुले नियतमा पनि शङ्का उत्पन्न गराएको बताए । उनले सञ्चार क्षेत्रलाई उद्योगको मान्यता दिई पुनः कर्जा र अन्य सुविधाका लागि सरकारले पनि सहयोग गर्नुपर्ने बताए ।

सञ्चार अनुसन्धानकर्ता लक्ष्मणदत्त पन्तले पत्रकारको पेशागत सुरक्षाको सधैँ उठिरहने मुद्दा बनेकाले यसलाई दीर्घकालीनरुपमा समाधान गर्न महासङ्घ र समितिले पहल गर्नुपर्ने उल्लेख गर्दै विषम स्थितिमा पत्रकारलाई तलबविहीन हुन नदिन सञ्चार गृहले श्रमजीवी पत्रकार कोष खडा गर्नुपर्ने सुझाव दिए ।

अधिवक्ता एवं पत्रकार स्वागत नेपालले युनेस्कोले जारी गरेको पत्रकार सुरक्षा मार्गदर्शनलाई सहीरुपमा अपनाइएको उल्लेख गर्दै समस्यामा परेका पत्रकारलाई कानूनी सहायता आवश्यक परेमा आफूहरुले निःशुल्क सेवा दिने प्रतिबद्धता व्यक्त गरे । युनेस्को आयोगको आमसञ्चार समितिका संयोजक हरिगोविन्द लुईंटेलले श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको अवस्था विश्लेषण गरी समस्या समाधानका लागि सम्बन्धित पक्षसँग पहल गरिने बताए ।

युनेस्को नेपाल आयोगका सहायक महासचिव डा बाबुराम अधिकारीलगायत सहभागी संवादमा सञ्चारिका समूहका सचिव यशोदा अधिकारीसहित प्रदेश नं. १ बाट यज्ञ शर्मा, प्रदेश नं. २ बाट सुरेश यादव, प्रदेश नं. ३ बाट शेषकान्त पण्डित, प्रदेश नं. ५ बाट भगवान भण्डारी, कर्णाली प्रदेशबाट नवराज महतारा, सुदूरपश्चिम प्रदेशबाट दुर्गा देवकोटा, प्रवासी पत्रकार भगवान गिरी (पोर्चुगल) ले कोरोना महामारीपछि श्रमजीवी पत्रकारको पेशागत र व्यावसायिक सुरक्षाको अवस्था कमजोर हुँदै गएको अनुभव आदानप्रदान गरेका थिए ।

---

**शून्य....**

उल्लेख गर्दै यसलाई व्यवस्थित बनाउन माग गरिन् । उनले क्वारेन्टिनहरुको अवलोकन गर्न सरकारलाई आग्रह गर्नुभयो । सांसद भीमसेनदास प्रधानले सवारी साधनमा भौतिक दूरी कायम गर्न कठिन हुने भएकाले शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिन माग गरे ।

सांसद भैरवबहादुर सिंहले सुदूरपश्चिममा भारतबाट आउने क्रम नरोकिएकाले कोरोनाको चुनौती थप बढेको जनाउँदै क्वारेन्टिनमा बसेका सबै नागरिकको पिसिआर परीक्षण गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद मीना सुब्बाले मृत्युपछि मात्र कोरोना परीक्षणको रिपोर्ट आएकाले यसको नियन्त्रणमा सरकार चुकेको आरोप लगाए ।

सांसद मनकुमारी जिसीले विदेशमा अलपत्र नागरिकलाई उद्धार गरेर ल्याउनु सरकारको सकारात्मक कदम भएको उल्लेख गर्दै क्वारेन्टाइनलाई थप व्यवस्थित बनाउन माग गरिन् । सांसद महेश्वरराज गहतराजले महिला हिंसा र जातीय विभेदको घटना बढेकामा चिन्ता व्यक्त गर्दै सामाजिक अपराध नियन्त्रण गर्नका लागि ठोस कदम चाल्न आग्रह गरे ।

सांसद रङ्गमती शाहीले क्वारेन्टिनमा महिला बलात्कृत हुने अवस्थाप्रति चिन्ता व्यक्त गर्दै दोषीमाथि कडाभन्दा कडा कारवाही गर्न माग गरिन् । सांसद रामकुमारी चौधरीले बन्दाबन्दी अवधिमा ३७३ बलात्कार, ३४ बहुविवाह र आठ बोक्सीसम्बन्धी घटना भएको जनाउँदै गम्भीर जघन्य आपराधिक घटना नियन्त्रण गर्न माग गरिन् । सांसद लक्ष्मी परियारले रुकुम(पश्चिम) घटनामा संलग्नलाई तत्काल कारवाही गर्न माग गरिन् ।

सांसद भवानी खापुङले पुष्पलाल लोकमार्गअन्तर्गत पूर्वी क्षेत्रमा बन्ने पुलको अझै निर्माण हुन नसकेको जनाउँदै ठेकेदारलाई ताकेता गर्न माग गरे । सांसद मीनबहादुर विश्वकर्माले लकडाउनदेखि अन्तिमसम्मको अवधिलाई 'शून्य' समय मानी घरधनीले घरभाडा नलिने, बैंकले ब्याज नलिने, विद्यालयले शुल्क नलिने र दैनिक ज्यालादारी श्रमिकलाई मासिक रु सात हजार दिने व्यवस्था गर्न प्रस्ताव गरे ।

सांसद मीनेन्द्रप्रसाद रिजालले सरकारले फजुल खर्च नियन्त्रण गर्न नसकेको आरोप लगाए । सांसद मोहन बानियाँले तत्काल नागरिकता विधेयक सदनमा पेश गर्न माग गरे । सांसद रामबहादुर विष्टले भ्रष्टाचार नियन्त्रणमा सरकारले उदासीनता देखाएको आरोप लगाए ।सांसद यज्ञराज सुनुवारले कामचोर र ठग ठेकेदारका लागि कोरोना बहाना मिलेको जनाउँदै सार्वजनिक खरीद ऐन संशोधन गरेर मुलुकप्रति घात गर्ने ठेकेदारलाई कारागार हाल्ने व्यवस्था मिलाउन माग गरे । सांसद रामकुमारी झाँक्रीले साना उद्यमीलाई कोरोनाका कहरबाट जोगाउनका लागि उचित राहत प्याकेज ल्याउन सरकारको ध्यानाकर्षण गराइन् ।

**दश...**

व्यवसायी तथा उपभोक्ता समितिसँग भएको सम्झौता बमोजिमको कामको बाँकी रकम जम्मा गर्न निर्देशन दिइएको मन्त्रालयका प्रवक्ता अधिकारीले बताए । निर्देशनमा सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले कार्यक्रमअन्तर्गत आफ्नो गाउँपालिका तथा नगरपालिकामा विनियोजन भएको रकममध्ये बचत हुने रकम एकीन गरी कार्यक्रम निर्देशक समितिका संयोजक र जिल्ला समन्वय समितिलाई जानकारी गराउने भनिएको छ ।

**सत्तारुढ...**

मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी), बजेट र कोभिड-१९ का बारेमा बैठकमा छलफल हुने बताए । गएको वैशाख १० गते नै २० जना स्थायी कमिटी नेताहरुले लिखित रुपमा माग गरेको बैठक नेकपाभित्रको विवादका कारण बस्न सकेको थिएन । वैशाख ८ गते राजनीतिक दल विभाजन गर्ने सम्बन्धी अध्यादेश प्रधानमन्त्री केपी शर्मा ओलीले ल्याए पछि नेकपाको विवाद उत्कर्षमा पुगेको थियो ।

वैशाख ११ गते उपाध्यक्ष वामदेव गौतमको निवास भैसेपाटीमा बैठक बसी प्रधानमन्त्री र अध्यक्ष दुवै पदबाट ओलीले राजीनामा दिनुपर्ने सम्मको माग गरिएको थियो । नौ जनाको सचिवालयमा प्रधानमन्त्री ओलीको इतरमा ६ जना उभिए पछि स्थायी कमिटी बैठक स्थगित हुँदै आएको छ । उपप्रधानमन्त्री रहेका ईश्वर पोखरेल र गृहमन्त्री रहेका रामबहादुर थापा मात्रै प्रधानमन्त्री ओलीको पक्षमा देखिन्छन् भने बाँकी नेताहरु पुष्पकमल दाहाल प्रचण्ड, झलनाथ खनाल, माधवकुमार नेपाल, बामदेव गौतम, नारायणकाजी श्रेष्ठ र बिष्णुप्रसाद पौडेल इतरमा छन् । अर्थात्, आजको बैठक नेकपा र राष्ट्रिय राजनीतिका लागि निकै महत्वपूर्ण हुने देखिन्छ ।

## हराएका ३० वटा मोटरसाइकल सवारीधनीलाई लगाइयो जिम्मा



**काठमाडौं/मस-** महानगरीय ट्राफिक प्रहरी महाशाखाले हराएका ३० वटा मोटरसाइकलहरु फेला पारी सम्बन्धित धनीलाई जिम्मा लगाएको छ । महाशाखाबाट सादा पोसाकमा खटाइएको ट्राफिक प्रहरीको टोलीले विभिन्न मितिमा हराएका सवारी साधनहरु लकडाउनको समयमा पनि खोजतलास गरी सम्बन्धित धनीलाई जिम्म लगाएको महाशाखाले जनाएको छ ।

उपत्यकाका म्हैपि, बालकोट, कीर्तिपुर, ठमेल, सिनामंगल, बसुन्धारा, नयाँ बजार, बानियाटार, चोभार, कपन, बुढानिलकष्ठ लगायतका विभिन्न स्थानबाट हराएका मोटरसाइकलको खोजी गरी मंगलबार सम्बन्धित धनिलाई यस महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भिमप्रसाद ढकालले जिम्मा लगाएका हुन् ।

पार्किङ्ग स्थल, समारोह, अस्पताल लगायत एकान्त ठाउँको पार्किङ्ग स्थल, घरको कम्पाउण्ड तथा गेट बाहिर, लामो समय सम्म पार्किङ्ग गरिने स्थानहरुमा असुरक्षित पार्किङ्ग गरेर, अतिरीक्त लक प्रयोग नगरेर, जुनसुकै साँचोले खोल्ने अवस्था भएका सवारी मर्मत नगरेर, घरमा पार्किङ्ग गरेको भएपनि लापारवाही गरेर मोटरसाइकल बढी चोरी हुने देखिएको ढकालले बताए ।

महाशाखाले यस आर्थिक वर्ष २०७६/०७७ मा मात्रै चोरी भएका ३०८ वटा मोटरसाइकल फेला पारी सम्बन्धित धनीलाई जिम्मा लगाइसकेको छ भने ३६ जना व्यक्तिलाई चोरीमा संलग्न भएको कसुरमा पक्राउ गरी आवश्यक कारबाही गरिएको महाशाखाले जनाएको छ ।

## नेपाल विशेष सेवा विधेयक स्वीकृत



**काठमाडौं/मस-** प्रतिनिधिसभाको मंगलबारको बैठकले 'नेपाल विशेष सेवा विधेयक, २०७६' लाई स्वीकृत गरेको छ । बैठकमा प्रधानमन्त्रीको तर्फबाट कानून, न्याय तथा संसदीय मामिलामन्त्री डा शिवमाया तुम्बाहाम्फेले प्रस्तुत गरेको उक्त विधेयकलाई सर्वसम्मतिले स्वीकृत गरेको हो ।

त्यसअघि विधेयकका सम्बन्धमा सांसदहरुले उठाएको प्रश्नको जवाफ दिँदै मन्त्री डा तुम्बाहाम्फेले नेपालको भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा र सार्वभौमिकताको रक्षाका निम्ति विधेयकले विशेष व्यवस्था गरेको बताइन् । उनले सरोकारवाला र विषय विज्ञसँग छलफल गरी विधेयक आएकाले राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्ने बताइन् ।

विधेयकको सैद्धान्तिक पक्षको छलफलमा सहभागी सांसदहरुले राज्यको भूमिकालाई प्रभावकारी बनाउन विधेयक उपयोगी हुने उल्लेख गरे । सांसद खगराज अधिकारीले विगतमा राज्यको भूमिका प्रभावकारी बन्न नसक्दा लिपुलेक, कालापानी, सुस्तालगायत सीमा क्षेत्रको भूमि अतिक्रमित हुँदै आएको र यसले वैदेशिक हस्तक्षेप बढेको सन्र्दभमा नयाँ विधेयकले त्यस्ता गतिविधि नियन्त्रण गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे।

सांसद नवराज सिलवालले राष्ट्रको सुरक्षा, राष्ट्रिय एकता र सार्वभौमिकताको विषयसँग जोडिएको विधेयक असाध्यै महत्वपूर्ण र समय सान्दर्भिक रहेको बताए । अर्का सांसद गगनकुमार थापाले विधेयकमा रहेका प्रावधानले कतिपय अवस्थामा दुरुपयोग हुनसक्ने खतरा औंल्याए ।

**लोकसेवा आयोग विधेयक पारित**

बैठकले 'लोकसेवा आयोग विधेयक, २०७६' लाई सर्वसम्मतिले पारित गरेको छ । बैठकमा प्रधानमन्त्री ओलीको तर्फबाट कानून मन्त्री डा तुम्बाहाङ्फेले प्रस्तुत गरेको उक्त विधेयकलाई सर्वसम्मतिले पारित गरेको हो ।


विधेयकका सम्बन्धमा सांसदले उठाएको प्रश्नको जवाफ दिँदै मन्त्री डा तुम्बाहाङ्फेले सङ्घीय निजामती सेवालाई स्वच्छ निश्पक्ष बनाई सार्वजनिक सेवालाई चुस्त र पारदर्शी बनाउन विधेयकले भूमिका खेल्ने विश्वास व्यक्त गरिन् । उनले सरकारी सेवा, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेनालगायतका लागि लिइने लिखित परीक्षाको विधि र प्रणालीलाई निष्पक्ष र पारदर्शी बनाउन तथा सेवामा विभेदको अवस्था नहोस् भन्ने जस्ता विषयलाई विधेयकले समेटेको जानकारी दिइन् ।

त्यसअघि विधेयकको सैद्धान्तिक पक्षको छलफलमा भाग लिँदै सांसद मीनबहादुर विश्वकर्माले लोकसेवाले देशका सबै भेग र समुदायका मानिसलाई समेट्ने ऐन कानून बन्नुपर्छ भनेर लामो समयदेखि कुरा उठाउँदै आएको बताए । सांसद दीलेन्द्रप्रसाद बडूले तीन तहको राज्य व्यवस्थामा लोकसेवा आयोगको विधेयक सान्दर्भिक छ भन्दै संवैधानिक आयोगको विश्वसनीयता र निष्पक्षतालाई जोड दिइनुपर्ने धारणा राखे ।

अर्का सांसद सञ्जयकुमार गौतमले सार्वजनिक सेवालाई निष्पक्ष र पारदर्शी बनाइनुपर्ने बताए । सांसद प्रेम सुवालले निजामती सेवालाई समावेशी र प्रतिस्पर्धी बनाइनुपर्ने र आयोगको गरिमालाई कायम राखिनुपर्नेमा जोड दिए ।

# अमेरिकाले इरानविरुद्ध हतियारमाथिको प्रतिबन्ध बढाउने





**संयुक्तराष्ट्र रासस-** संयुक्तराज्य अमेरिकाले इरानविरुद्ध लगाइएको हातहतियार खरिदमाथिको प्रतिबन्धको अवधि अरु थप गर्न संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद समक्ष प्रस्ताव गरेको छ।

अमेरिकाले सन् २०१९ मा साउदी अरेबियास्थित तेल प्रशोधन केन्द्रहरुमा भिषण हमला इरानले गरेको आरोप लगाउँदै उक्त घटनाका सम्बन्धमा इरान विरुद्ध निन्दा प्रस्ताव पनि गरेको छ। सन् २०१५ मा इरानसँग भएको आणविक कार्यक्रमसम्बन्धी सम्झौता बमोजिम इरान विरुद्ध हातहतियार खरिदबिक्री गर्न नपाउने गरी भएको प्रतिबन्ध आगामी अक्टोबरमा समाप्त हुँदैछ। तर अमेरिकाको मुख्य विपक्षीजस्तो देखिएको इरानमाथिको त्यो प्रतिबन्ध बढाउन अमेरिकाले प्रयास गरिरहेको छ।

शुक्रबार, सन् २०१५ को आणविक सम्झौताका हस्ताक्षरकर्ता मुलुकहरु - फ्रान्स, बेलायत र जर्मनी - ले संयुक्त विज्ञप्ति प्रकाशन गरी इरान विरुद्धको प्रतिबन्ध फुकुवा गरिए क्षेत्रीय सुरक्षा र स्थिरतामा संकट आउन सक्ने चेतावनी दिएका छन्। अमेरिकाको पछिल्लो प्रस्तावमा इरानद्वारा साउदी अरेबियामाथि सेप्टेम्बर २०१९ मा भएको आक्रमणको भर्त्सना गरिएको कुरा एएफपीलाई प्राप्त मस्यौदामा देखिएको छ।

मस्यौदामा सुरक्षा परिषदले ३० दिनको सूचना बमोजिम स्वीकृत गरेबाहेकका सबै किसिमका हातहतियार र त्यससँग सम्बन्धित सामग्रीहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आपूर्ति, बिक्री वा हस्तान्तरण गर्न निषेध गर्न आह्वान पनि गरिएको छ।

सुरक्षा परिषदमा उक्त प्रस्तावमाथि हुने मतदानको मिति तोकिएको छैन र यो स्वतः पारित हुने सम्भावना छैन किनभने परिषदका स्थायी सदस्य राष्ट्रहरु चीन र रसियाले इरान विरुद्धका प्रतिबन्धको म्याद बढाउन नहुने बताइसकेका छन्।

साउदी अरेबियाको तेल केन्द्र अराम्कोमा सन् २०१९ मा आक्रमण हुँदा ठूलो क्षति पुग्नुका साथै विश्वकै तेल उत्पादनमा असर परेको थियो। उक्त आक्रमणको छानबिन गरेको राष्ट्रसंघले आक्रमणमा प्रयोग गरिएका क्रुज क्षेप्यास्त्र र ड्रोनका पार्टपुर्जाहरु इरानमै बनाइएका वा अन्यत्रबाट आयात गरिएका थिए।

फ्रान्स, बेलायत र जर्मनीले यसअघि राष्ट्रसंघीय प्रतिबन्धहरु इरानमाथि एक पक्षीय रुपमा लगाउन नहुने बताउँदै आएका थिए। इरानले अन्तर्राष्ट्रिय प्रतिबन्धहरु फुकुवा गर्ने शर्तमा सन् २०१५ मा आणविक अस्त्र निर्माण कार्यक्रम स्थगित गर्ने सम्झौता गरेको थियो।तर सन् २०१८ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उक्त सम्झौता अस्वीकार गर्दै इरान विरुद्ध अझ आक्रामक रणनीतिहरु अघि बढाउनुभएको थियो।

# मनाइयो ओलम्पिक दिवस

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असार



नेपाल ओलम्पिक कमिटि (एनओसी) ले अन्तराष्ट्रिय ओलम्पिक दिवस मनाईएको छ। एनओसीले मंगलबार सातदोबाटोस्थित एनओसी भवनमा एक कार्यक्रमको आयोजना गर्दै ओलम्पिक दिवस मनाएको हो।

ओलम्पिक दिवसको अवसरमा नेपाल र ओलम्पिकको झण्डा झण्डातोलन गरिएको थियो। यस्तै एनओसीका अध्यक्ष तथा संसद जीवन राम श्रेष्ठले रुद्राक्षको बिरुवा रोपेका थिए।

त्यसपछि एनओसीले राष्ट्रिय खेलकुद परिषद राखेपका सदस्यसचिव रमेश सिलवाल, खेलाडी तथा पत्रकारहरुसँग भिडियोको माध्यमबाट अन्तरक्रिया गरिएको थियो।

यस अघि एनओसीले ओलम्पिक दिवसमा एक हप्ते कार्यक्रमको आयोजना गरेर मनाउँदै आएको थियो। तर, कोरोना भाईरसको महामारीको कारण यस वर्ष सामान्य कार्यक्रम गरिएको हो।

आधुनिक ओलम्पिक स्थानमा भएको दिनको अवसर पारेर मनाउन थालिएको ओलम्पिक डे जुन २३ मा मनाउने गरिन्छ। नेपालमा समेत हरेक वर्ष ओलम्पिक दिवस मनाईदै आएको छ।


## लिखुतामाकोशी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
धोवीबजार, रामेछाप
बागमती प्रदेश, नेपाल

### शीलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति :- २०७७/०३/१०)

यस लिखुतामाकोशी गाउँपालिकाको चालु आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडा नं. २ सैपुका लागि क्याटलग सपिङ विधिबाट (Mini Tiller) हाते ट्रयाक्टर खरिद तथा वितरण गर्नु पर्ने भएकाले उक्त सामानको आधिकारिक स्पेसिफिकेसन, गुणस्तर, मूल्य, सुविधा सहतिको विवरण (क्याटलग वाब्रोसर), लिखित निवेदन पत्र साथ आ.व.२०७६/०७७ का लागि नवीकरण भएको ईजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर (पान) प्रमाण पत्रको प्रतिलिपि र बिक्रेताको अनुमति प्रमाणपत्र समेत संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा कार्यालय समय भित्र आवश्यक कागजातहरु पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| सि. नं. | उपकरणको नाम | स्पेसिफिकेसन | कैफियत |
|---|---|---|---|
| १ | हाते ट्रयाक्टर (मिनी ट्रिलर) | ७.५ एच.पि.पेट्रोल मिनी ट्रिलर (गेर टाइप) | कार्यालयसम्म ढुवानी गर्नु पर्ने |

प्रमुख प्रशासकीय अधिकृत


# युरोपमा कार बिक्री २५ प्रतिशतले घट्यो



**पेरिस, एजेन्सी-**कोरोनाभाइरस महामारीका कारण युरोपमा यस वर्ष कार बिक्रीमा २५ प्रतिशतले कमी आएको छ। युरोपेली कार उद्योग समूहले कार उत्पादन कारखानाले ठूलो आर्थिक संकटको सामना गर्न लागेको जनाएको छ।

युरोपेली अटोमोबाइल उत्पादक संघ (एसीइए) ले युरोपेली युनियन र सदस्य राष्ट्रका सरकारहरुलाई उद्योग बचाउन र रोजगारी गुम्न नदिने परिस्थिति निर्माण गर्न पनि आह्वान गरेको छ। युरोपमा कार बिक्रीमा व्यापक गिरावट आउने जनाउँदै एसीइएले जारी गरेको विज्ञप्तिमा सन् २०१९ मा करिब १ करोड २८ लाख थान कार बिक्री भएकामा यस वर्ष सन् २०२० मा करिब ३० लाख थान कार बिक्री घट्ने उल्लेख छ। अर्थात् यस वर्ष करिब ९६ लाख थान कार मात्र बिक्री हुनेछन्।

यस वर्ष, कोरोनाभाइरस महामारी रोक्न जारी गरिएका लकडाउन र प्रतिबन्धहरुको असरका कारण कार बजार करिब ४१.५ प्रतिशतले खुम्चिएको छ। तर एसीइएले प्रतिबन्धहरु खुकुलो हुन थालेकाले परिस्थितिमा केही सुधार हुने अपेक्षा राखिएको जनाएको छ।

एसीइएले युरोपको अटोमोबाइल क्षेत्रले धेरैपछि असामान्य परिस्थितिको सामना गर्नु परेको जनाएको छ। यी नकारात्मक असरलाई युरोपेली युनियन र सरकारहरुले राजनीतिक र आर्थिक मद्दतका आधारमा मिलेर मात्र हल गर्न सक्ने इसीइएले बताएको छ।

# एन्फाले वितरण गर्न थाल्यो सहयोग

**काठमाडौं, मस-** अखिल नेपाल फुटबल संघ (एन्फा) ले कोरोना भाईरसबाट प्रभावित जिल्ला फुटबल संघ र क्लबहरुलाई पहिलो चरणमा १८ लाख ७५ हजार राहत वितरण गरेको छ।

एन्फाले मंगलबार १३ जिल्ला संघ र १२ क्लबलाई १८ लाख ७५ हजार राहत वितरण गरेको जनाएको छ। एन्फाले १३ जिल्ला संघ र १२ क्लबलाई समान ७५र७५ हजार प्रदान गरिएको जनाएको छ।

यस्तै एन्फाले अन्य जिल्ला संघ र क्लबलाई राहत रकम लिन फर्म दर्ता गराउन समेत आग्रह गरेको छ। राहत रकम विश्व फुटबलको सर्वोच्च निकाय फिफाबाट आएको सहयोग भएको एन्फाले जनाएको छ।


### प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना
प्रथम पटक प्रकाशित मिति : २०७७/०३/१०

सामाजिक विकास मन्त्रालय बागमती प्रदेश, अर्न्तगत सार्वजनिक निर्माण कार्यान्वयन इकाई, भैंसेपाटी, काभ्रेपलाञ्चोकद्वारा रामेछाप जिल्लामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको व्यहोरा अनुरोध छ।

तपशील

| क्र स. | अयोजनाको नाम | प्रस्तावको व्यहोरा | प्रभाव पर्ने जिल्ला/गापा/नपा |
|---|---|---|---|
| १ | मन्थली रङ्गशाला | ३८-१५-२-१.५७(रोपनी-आना-पैसा-दाम)/१४७४०.६० वर्ग मिटर क्षेत्रफलमा १००० जना अट्ने क्षमताको रङ्गशाला निर्माण | रामेछाप जिल्ला, मन्थली नगरपालिका वडा नं. ०१, मन्थली |

माथि उल्लेखित प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवदेन तयारगर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

प्रस्तावकको नाम र ठेगाना
सामाजिक विकास मन्त्रालय, वागमती प्रदेश,
**सार्वजनिक निर्माण कार्यान्वयन इकाई**
भैसेपाटी, काभ्रे, फोन नं: ०११ -६६१४९२, इमेल:picukavre@gmail.com


# हजमा सीमित व्यक्तिमात्र उपस्थित हुने साउदी सरकारको भनाइ

**रियाद, एएनआई-**साउदी सरकारले यस पटक अत्यन्तै थोरै संख्यामा उपस्थित मानिसहरुलाई हजका लागि उपस्थित हुन दिने जनाएको छ। विश्वभर फैलिएको कोरोना भाइरसको महामारीका कारण यस पटक साउदी अरेबियाको सरकारले हजका लागि थोरै व्यक्तिलाई मात्र उपस्थित हुन दिने जनाएको छ।

आगामी जुलाई महिनाको अन्त्यतिर आउन लागेको सो हजमा कोरोना भाइरसको प्रकोप फैलिने खतराका कारण धेरै संख्यामा मानिस जम्मा हुन नदिने घोषणा गरेको मङ्गलबार अल जाजिरा मिडियाले जनाएको छ। साउदी अरेबियामा हरेक वर्ष विश्वका मुस्लिम समुदायका लाखौं व्यक्ति उपस्थित हुने गरेको छन्। यस पटक पनि हजको समय नजिकिँदै गर्दा आएको विश्वव्यापी चासोपछि उक्त साउदी अरेबियाली सरकारले यस्तो जानकारी गराएको हो।

साउदी अरेबियाको हज मन्त्रालयले सो कुराको जानकारी दिएको साउदी अरेबियाका सरकारी मिडियाले जानकारी दिएका अल जाजिराले मङगलबार जनाएको समाचारमा उल्लेख छ। अहिले विश्वव्यापी रुपमा कोरोना भाइरसको प्रकोप बढेको तर पनि त्यसको औषधि या खोप केही पनि नआएको अहिलेको अवस्थामा सामाजिक दुरी कायम गरेर मात्र हिँड्नु पर्ने अवस्था रहेको छ।

तर साउदी अरेबियामा लाखौँको संख्यामा विश्वका मुस्लिम समुदायका नागरिक आउने गरेका र उनीहरुकाबीचमा यस्तो सामाजिक दुरी पनि कायम गर्न गाह्रो पर्ने भएकोले यहाँको सरकारले यस्तो निर्णय गरेको बताइएको छ।

हज मुस्लिम समुदायको ठूलो तीर्थ मानिन्छ र मुस्लिम समुदायका विश्वका नागरिकहरु पनि कम्तीमा जीवनमा एक पटक हजका लागि त्यहाँ जानुपर्छ भन्ने मान्यता राख्दछन्। यसै कारणले पनि हरेक वर्ष साउदी अरेबियाको मक्कामा कम्तीमा पनि २० लाख मानिस उपस्थित हुने गर्दछन्। त्यस अवसरमा विश्वका विभिन्न देशबाट पनि मुस्लिम समुदायमा नागरिक त्यहाँ पुग्ने गर्दछन्।

त्यसैले यति ठूलो संख्याका मानिस उपस्थित हुँदा त्यसबाट पनि कारोना भाइरस फैलिन सक्ने भन्दै साउदी अरेबियाको सरकारले सो नियम बनाएको बताएको छ।


### कम्पनीको नाम परिवर्तन गरिएको सूचना
प्रथम पटक प्रकाशित मिति २०७७/०३/१०

यस कम्पनीको मिति २०७४/०२/२३ मा सम्पन्न वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सुमन ह्युमन रिसोर्सज कन्सल्ट्याण्टस् नेपाल प्रा.लि. (प्रा.लि.नं. ५८२४४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/०७/०१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **स्वीफ्ट एच.आर.ग्रुप एण्ड म्यानेजमेन्ट सर्भिस प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०४/२३ मा दर्ता भएको **प्रा.लि. नं. २२०९३७** को **टेस्ला प्याथोलोजी ल्याब प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०३/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०३/२८ मा दर्ता भएको **प्रा.लि. नं. १९३११८** को **पाथिभरा निर्माणा सामाग्री एण्ड बालुवा वासीङ्ग उद्योग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०३/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/०१/२१ मा दर्ता भएको **प्रा.लि. नं. १२२१५७** को **सुपर डल्फिन यातायात प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०३/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## सिरहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, सिरहा
सिरहा जिल्ला
प्रदेशनं.२, नेपाल

### ठे.नं. SM-08-076/77 सल्हेश मन्दिर निर्माण कार्यको बोलपत्रको म्याद थप सम्बन्धी सूचना

सिरहा न.पा. कार्यालयबाट मिति २०७६/११/१२ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक समचार पत्रमा ठे.नं. SM-08-2076/077 सल्हेश मन्दिर निर्माण कार्यको लागि बोलपत्रको सूचना प्रकाशन भएकोमा सो अनुसार उक्त कार्यमा बोलपत्र खरिद गर्ने अन्तिम म्याद मिति २०७६/१२/१२ गतेसम्म भएकोमा नेपाल सरकारले कोरोना भईरस (Covid-19) को रोकथाम तथा नियन्त्रणको लागि मिति २०७६/१२/११ गतेदेखि लकडाउन घोषणा गरेको कारण कार्यालय बन्द रहेको हुँदा हालसम्म उक्त कार्य हुन नसकेकोले सिरहा नगरकार्यपालिकाको मिति २०७७/०३/०८ को बैठकको निर्णय अनुसार बोलपत्र खरिद दर्ता र खोलिने कार्यहरुको म्याद निम्न बमोजिम थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**बोलपत्र खरिद गर्ने अन्तिम समय : मिति २०७७/०३/१२ गतेसम्म**
**बोलपत्र दर्ता गर्ने अन्तिम मिति : २०७७/०३/१४ गते दिनको १२:०० बजेसम्म**
**बोलपत्र खोल्ने अन्तिम समय : मिति २०७७/०३/१४ गते दिनको १:०० बजेसम्म**

### बीमालेख हराएको सूचना
मिति २०७६/१२/०३ गते बालाजुबाट चावहिलसम्म जाँदा लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट मेरो नाममा जारी भएको निम्न बमोजिमको बीमालेख हराएको हुँदा फेलापार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय, वा तलको ठेगानामा उपलब्ध गराईदिनुहुन हार्दिक अनुरोध गर्दछु।

**नाम : केवल राज श्रेष्ठ**
**ठेगाना : बालाजु-१६, काठमाडौं**
**बीमालेख नं.: १०००७२२०**
**सम्पर्क : ९८२८९४२०६५**

श्री माध्यमिक विद्यालय, टाँडी पत्रिङ्गा
दुधौली नगरपालिका-११, सिन्धुली

### शिलबन्दी दरभाउपत्र आव्हानको सूचना
प्रथम पटक प्रकाशित मिति २०७७/०३/१०

यस विद्यालयलाई ICT Lab निर्माण गर्नको लागि तपशिल बमोजिमको सामग्रीहरु खरिद गर्नलाई इच्छुक फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (२०७७/०३/२४ गते दिउसो १२ बजे भित्र) आफ्नो फर्म दर्ता र कर चुक्तासहितको प्रमाण पत्र साथ शिलबन्दी कोटेशन पेश गर्नु हुन तथा विस्तृत स्पेसिफिकेसनको लागि विद्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।

सामानको विवरणः

| S.N. | Particulars | Quantity |
|---|---|---|
| 1. | Desktop Computer | 8 Pcs |
| 2. | Laptop | 1 Pc |
| 3. | Projector | 1 Pc |
| 4. | Smart Board | 1 Pc |
| 5. | Printer (Colour) | 1 Pc |
| 6. | Multimedia Speaker | 2 Pcs |

**थप जानकारीको लागि:** श्री माध्यमिक विद्यालय, टाँडी पत्रिङ्गा, दुधौलीनपा-११, सिन्धुली, सम्पर्क नं ९८१४८३६९७९

# के छ शेयर बजार खुल्ने सम्भावना ?

## यस्तो छ सरोकारवालाहरुको तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असार

काठमाडौं । नेपाल लकडाउनका कारण पछिल्ला करिव ३ महिनादेखि धितापत्र बजार पनि बन्द छ । लगातार ३ महिना धितोपत्र बजार बन्द हुँदा पुँजीबजारमा ठुलो समस्या आईपर्दा समग्र लगानीकर्ताहरु आतंकित भएका छन् । तर अझै धितोपत्र बार्ड, नेप्सेलगायतले सेयरमार्केट खुल्ने बारे संकेत दिन सकेका छैनन ।

सोही बारेमा सोमबार संघीय संसद अन्तर्गतको अर्थ समितिले बोर्डमै सेयर मार्केट खोल्ने सम्बन्धमा केही छलफल गरेको छ । विभिन्न निकायलाई नियमन गर्न आदेश दिँदै बजारलाई पहिलेजस्तै संचालनमा ल्याउनुपर्ने बताएको छ । सोही अनुसार नेपाल स्टक एक्सचेन्जले आगामी आइतबारबाट सम्भवतः शेयर कारोबार संचालनमा ल्याउने तयारी गरेको छ । धितोपत्र बोर्डले पाँच दिनको समयावधी दिएर बनाएको कार्यदलले आगामी शुक्रबार प्रतिवेदन दिएपछि शनिबार बैठक बसेर आइतबारदेखि शेयर कारोबार खोल्ने तयारी भइरहेको नेपाल धितोपत्र बोर्डले संकेत दिएको छ। धितो बोर्डका कार्यकारी निर्देशकको नेतृत्वमा नेप्से तथा लगानीकर्ताहरुसहितको कार्यदलले हाल शेयरमार्केट संचालनमा ल्याउने गरी काम गरिरहेको छ । उक्त कार्यदलले प्रतिवेदन बुझाएपछि मात्रै शेयर कारोबार खोल्ने तयारीमा बोर्ड लागेको छ ।




शेयर बजारमा अनावश्यक दवाव दिएर बोर्डमाथि चलखेल हुन थालेपछि बोर्डले स्थायी समाधान खोज्न चाहेको बोर्डका सञ्चालकहरुको भनाई आएपछि सोमबार कार्यदल बनाउने निर्णय गरिएको थियो । नेप्से, लगानीकर्ता तथा अन्य सरोकारवाला निकायका अधिकारी सहभागी कार्यदलले आगामी दिनमा शेयर बजार जस्तोसुकै अवस्थामा पनि सञ्चालन गर्ने गरी अध्ययन भइरहेको बोर्डले जनाएको छ । सोमबार अर्थसमिति र धितोपत्र बोर्डबीच भएको छलफलमा बोर्डका उप कार्यकारी निर्देशक डा. नबराज अधिकारीले हालको धितोपत्र बजारको अवस्था, बजार बन्द गर्नुपरेको कारणहरु, बोर्डका भावी कार्यक्रम तथा प्राथमिकता आदिका वारेमा प्रष्ट पारेका थिए । छलफलमा धितोपत्रको दोस्रो बजारको अनलाइन कारोबारका लागि प्रयोग हुने प्रविधि र हाल दोस्रो बजार बन्द भएको विषयमा समेत छलफल भएको बोर्डले जनाएको छ । त्यस्तै, दोस्रो बजारमा हुने सूचना सम्प्रेषण, लगानीकर्ताका संघ संस्थाको गतिविधिका बारेमा चासो राख्दै लगानीकर्ता संघ तथा आर्थिक पत्रकारलाई आवश्यक परे अन्य नियमन निकायसँग समेत समन्वय गर्दै आचारसहिंता लागू गर्नपर्ने, नेपालको पुँजी बजारलाई भरपर्दो र विश्वसनीय बनाउनुपर्ने, बोर्डको संस्थागत एवं नियमन क्षमता सुदृढ गरी बोर्डलाई सबल र शसक्त नियमन निकायको रुपमा विकास गर्न प्रयास गर्नुपर्ने विषय उठेको थियो ।

### धमाधम उद्धार उडान हुँदै

# अलपत्र ३० हजार नेपाली ल्याइँदै

**काठमाडौं/मस**–मुलुकको एक मात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मंगलबार पनि विभिन्न मुलुकबाट धमाधम नेपालीको उद्धार उडान भइरहेको छ। राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र निजी क्षेत्रको हिमालय एयरलाइन्सले यात्रु उद्धार उडान गर्दैछन् । जजीरा, कतार, कोरियनलगायत एयरलाइन्सले पनि नेपालमा चार्टर्ड उडान गर्ने जनाइएको छ । अष्ट्रेलिया, कतार, कुवेतलगायत मुलुकबाट मंगलबार पनि नेपाली चार्टर्ड उडानमार्फत स्वदेश फर्कदैछन् । मंगलबार मात्रै अन्तर्राष्ट्रिय नौ र आन्तरिकतर्फ आठ उडान भएको विमानस्थलले जनाएको छ। नेपाल एयरलाइन्सले अष्ट्रेलियाको सिड्नीबाट २५९ नेपाली काठमाडौँ आए । सोमबार राती सिड्नी उडेको नेपाल एयरलाइन्सको वाइड बडी जहाज उताबाट यात्रु भरेर काठमाडौँका लागि उडिसकेको बताइएको छ । एयरलाइन्सको अन्य मुलुकबाट पनि उडान गर्ने तालिका छ ।



मंगलबार हिमालय एयरलाइन्सले दोहाबाट पहिलो चरणको दोस्रो उडानबाट १४५ नेपाली स्वदेश फर्केको कतार स्थित नेपाली राजदूतावासले विज्ञप्तिमार्फत जनाएको छ । कोभिड- १९ बाट सिर्जित असहज परिस्थितिमा तत्काल नेपाल फर्कनैपर्ने अवस्थाका नेपाली भएको दूतावासले उल्लेख गरेको छ। नेपाल सरकारले निर्धारण गरेको प्राथमिकता अनुरुप पहिलो चरण अन्तर्गत दोस्रो उडानमार्फत दोहाबाट काठमाडौँका लागि हिमालय एयरलाइन्सको उडानबाट १४५ नेपाली फर्किएको जनाएको छ । यी उडानमा एक गर्भवतीसहित ६१ महिला र ८४ पुरुष रहेको दूतावासले जनाएको छ। सोही एयरलाइन्सले मंगलबार कुवेतबाट नेपालीको उद्धार उडान गरी काठमाडौँ ल्याउने कार्यतालिका छ । चार दिनयता दैनिक १० वटासम्म अन्तर्राष्ट्रिय उडान भइरहेको छ । सोमबार अन्तर्राष्ट्रियमा १० र आन्तरिकमा सात उडान भएका थिए। आइतबार दुबैगरी १६ र शनिबार १५ उडान भएको विमानस्थलले जनाएको छ । विदेशबाट नेपाली उद्धारका लागि बाक्लो सङ्ख्यामा चार्टर्ड उडान भइरहेको विमानस्थलका महाप्रबन्धक देवेन्द्र केसीले जानकारी दिए । यो प्रक्रिया जुन महिनाभर चल्नेछ । नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सले जुन महिनाभरका लागि उडान तालिका सार्वजनिक गरिसकेका छन् भने विभिन्न मुलुकाट हुने उद्धार उडानको पनि तालिका बनेको छ। विभिन्न मुलुकमा अलपत्र नेपाली ल्याउन नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सका जहाज प्रयोग भएका छन् । सरकारले विभिन्न मुलुकमा अलपत्र करिब ३० हजार नेपाली जहाज चार्टर्ड गरेर ल्याउने निर्णय गरेको थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपाल एयरलाइन्सलाई २४ र हिमालय एयरलाइन्सलाई १९ उडान गर्नेगरी अनुमति दिएको थियो। त्यस्तै २४ वटासम्म विदेशी एयरलाइन्सलाई उडान अनुमति दिइएको छ।

# डिसहोम जोडेका टिभीमा समस्या

**काठमाडौं/मस**-नेपालको एक मात्र विनातार सीधै ग्राहकका घरसम्म (डिटिएच) सेवा प्रदायक भनी जिकिर गर्ने डिस होम जोडेकाहरु टेलिभिजन राम्रोसँग हेर्न नपाएको गुनासो गर्छन् । डिटिएच प्रविधिबाट गुणस्तरीय दृश्य हेर्न सकिने बताउँदै आएको डिसहोम बादल लाग्नेबित्तिकै अवरुद्ध हुन्छ । पानी पर्न थालेपछि त झ्यार् झ्यार् भएर हेर्न सकिँदैन । कतिखेर त घाम लागेका बेलामा पनि सेवा अवरुद्ध हुने गरेको ग्राहक श्यामबहादुर तामाङले बताए । टिभी हेर्दाहेर्दै बीचमा अड्किने गर्दा 'बेक्कारमा डिसहोम जोडेछु' जस्तो लाग्न थालेको उनले सुनाए । कोरोनाको सङ्क्रमण फैलिएका बेला त्यसबारे जान्न समाचार हेर्न बस्दा पटकपटक टिभी बन्द हुने गरेको तामाङको अनुभव छ ।

डिसहोम जोडेका टिभी घण्टैपिच्छे झ्याप् झ्याप् हुने गरेको धेरै प्रयोगकर्ताको भनाइ छ । यो अनुभव तामाङको मात्र होइन डिसहोम जोड्ने धेरै ग्राहकको हो । आफैँ टिभी बन्द हुने र खुल्ने विशेषता पनि डिसहोमको छ । मासिक रु २५० मा टिभी हेर्न सकिने भनी विभिन्न सञ्चारमाध्यमबाट विज्ञापन गर्ने डिसहोमले मासिक शुल्क भने ग्राहकबाट रु ३५० नै असुल्ने गरेको छ। ग्राहकले वार्षिक एकैपटक तिरे मात्र रु ३५० मा सेवा पाउँछन् । विज्ञापनको भाषाले भने वार्षिक एकैपटक तिरे मात्र रु २५० पर्छ भन्दैन ।

सो प्रविधिको माध्यमबाट धेरै टिभी च्यानल स्याटेलाइटबाट सीधै उपभोक्ताका घरमा पुग्ने जिकिर गरिए पनि सेवा गुणस्तरीय छैन । घरको छतमा सानो डिस र टिभीमा सेटअप बक्स जडान गरी आउने भनिएको सो टिभी सिग्नलका कारण समाचार, चलचित्रलगायत हेर्दाहेर्दै अड्किएपछि नमज्जा हुने गरेको दक्षिणकाली नगरपालिका फर्पिङका ग्राहक रामसुन्दर पौडेलले गुनासो गराए ।

सुगमदेखि दुर्गमसम्म लिन सकिने यो सेवाको गुणस्तर भौगोलिक विकटताका स्थानमा अझ कमजोर रहेको जडान गर्ने ग्राहकको गुनासो छ। नुवाकोटको दुप्चेश्वरमा डिसहोम जोडेकी माया तामाङ विज्ञापन गरे जति राम्रो सेवा पाउन नसकिएको दुःखेसो गर्छीन। दुर्गममा पनि राम्रोसँग टिभी हेर्न सकिन्छ भनी डिसहोम जोडिए पनि त्यो पूरा नभएको उनको भनाइ छ।

डिसहोम जडान गर्ने ग्राहकले शुरुमा एक महिनाको मात्र शुल्क तिर्दा नै कम्तीमा रु चार हजार डिलरलाई बुझाउँछन् । त्यति पैसा बुझाएवापत ग्राहकले प्यान बिलसमेत नपाइएको जनाएका छन् । डिसहोमले ग्राहकलाई दिएको वेबसाइटसमेत सहजै खुल्दैन । डिसहोमको गुनासो शाखाकी उर्मिशा भुजेलले पुरानो सेटअप भएका ग्राहकमा मात्र समस्या आएको जिकिर गरिन । डिसहोम जोडेको महिना दिन नबित्दै समस्या आएको ग्राहक बताउँछन्। थप जानकारीका लागि कार्यालयका अरु अधिकारीलाई सम्पर्क गराउने उनले जिकिर गरे पनि सम्पर्क हुनसकेन ।

# नवलपरासीमा ६६ हजारको चल्ला नष्ट



**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ९ असार

नवलपरासीमा प्रहरीद्वारा ६६ हजार रुपैयाँ बराबरको कुखुराको चल्ला बरामद गरी नष्ट गरिएको छ । मंगलबार बिहान सुस्ता गाउँपालिका वडा नं. २ कुडियामा भारतबाट अवैध रुपमा ल्याँउदै गरेको १ हजार ३२० गोटा कुखुराको चल्ला प्रहरीले नियन्त्रणमा लिएको ईलाका प्रहरी कार्यालय बेलाटारीका प्रहरी निरीक्षक खुमानन्द पाण्डेले बताए।

नियन्त्रणमा लिएको चल्ला पशु क्वारेन्टिन, स्थानीय बासिन्दा तथा पत्रकारहरुको रोहबरमा नष्ट गरिएको प्रहरीले जनाएको छ । कोरोना रोकथाम तथा नियन्त्रणका लागि सीमानाकामा ब्यापक सुरक्षाकर्मी परिचालन भएपनि खुल्लारुपमा दिनहुँ तस्करी भइरहेको स्थानीय बताउँछन् ।

जिल्लाको सबै सीमानाकामा मानिसहरुलाई आवत जावतमा पूर्णरुपमा रोक लगाइएपनि तस्करी नियन्त्रण गर्न सुरक्षाकर्मीहरुका लागि चुनौतीसमेत बन्न पुगेको छ ।

# सुनको मूल्य घट्यो

**काठमाडौं/मस**-कोरोना महामारीका कारण अस्थिर भएको सुनको मूल्य सोमबारको तुलनामा मंगलबार रु ४०० ले घटेको छ । सोमबार छापावाल सुन प्रतितोला रु ९१ हजारमा कारोबार भएकोमा मंगलबार सोही परिमाणको पहेँलो धातुको मूल्य रु ९० हजार ६०० कायम भएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार एक तोला तेजाबी सुनको मूल्य रु ९० हजार १६० कायम भएको छ भने सोही परिमाणको चाँदी रु ९४० मा खरिदबिक्री भइरहेको छ। बन्दाबन्दीयता जेठ २५ गते एक तोला सुनको मूल्य १० हजार ४०० ले बढेर रु ८७ हजार पुगेको थियो।

# खर्च नभएको रकम कोभिड-१९ मा खर्च गर्न सरकारको निर्देशन

**काठमाडौं/मस**- सरकारले स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको खर्च नभएको रकम कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचार गर्न स्थानीय तहलाई निर्देशन दिएको छ ।

स्थानीय पूर्वाधार कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ को तेस्रो संशोधन गर्दै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आव २०७६/७७ को कार्यक्रम आयोजनालाई छुट्याइएको तर खर्च गर्न बाँकी रकम कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि खर्च गर्न निर्देशन दिएको हो ।

केही दिन अघि बसेको मन्त्रिपरिषद् बैठकले कार्यक्रमलाई खर्च नभएको रकम कोभिड-१९ नियन्त्रणमा गरिने निर्णय गरेसँगै मन्त्रालयले कार्यक्रम निर्देशक, समितिका संयोजकले अन्य सदस्यसँग परामर्श गरी सबै स्थानीय तहको कोभिड-१९ नियन्त्रण गर्न निर्देशन दिएको मन्त्रालयका प्रवक्ता वसन्त अधिकारीले जानकारी दिए ।

उनका अनुसार कार्यक्रमको कुनै आयोजनामा खर्च नभई बचत रहेको रकम स्थानीय तहमा रहेको कोभिड-१९ को व्यवस्थापनको लागि खोलिएको खातामा राखी कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि खर्च गर्ने छन् । कार्यक्रमको बाँकी रकम यही असार १५ गतेसम्म स्थानीय तहमा रहेको कोभिड-१९ को व्यवस्थापनको लागि खोलिएको खातामा जम्मा गर्न भनिएको छ। खरिद प्रक्रियामा नै नगई बाँकी रकम ठेक्का व्यवस्थापन गर्दा बचत हुन गएको र निर्माण व्यवसायी तथा उपभोक्ता समितिसँग भएको सम्झौता बमोजिमको कामको बाँकी रकम जम्मा गर्न निर्देशन दिइएको मन्त्रालयका प्रवक्ता अधिकारीले बताए ।

निर्देशनमा सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले कार्यक्रमअन्तर्गत आफ्नो गाउँपालिका तथा नगरपालिकामा विनियोजन भएको रकममध्ये बचत हुने रकम एकीन गरी कार्यक्रम निर्देशक समितिका संयोजक र जिल्ला समन्वय समितिलाई जानकारी गराउने भनिएको छ ।

# महालक्ष्मी विकास बैंकद्वारा २ विद्यालयलाई आर्थिक सहयोग

**काठमाडौं/मस**–महालक्ष्मी विकास बैंकले आफ्ना २ शाखामार्फत २ विद्यालयलाई आर्थिक सहयोग गरेको छ । बैंकले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत मकवानपुरको हेटौडा शाखा र टाँडी शाखाले २ विद्यालयलाई गरी ३ लाख १५ हजार रुपैयाँ आर्थिक सहयोग गरेका हुन । आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न शाखाहरुबाट विभिन्न कार्यक्रमहरु गर्दै आइरहेको छ । सोही कार्यलाई निरन्तरता दिँदै बैंकका हेटौंडा र टाँडी शाखाले क्रमश. मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा न. ११ मा अवस्थित श्री आनन्द भैरव आधारभुत विद्यालयमा र चितवनको इच्छाकामना गाँउपालिका वडा न. ७ मा अवस्थित राष्ट्रिय माध्यामिक विद्यालयमा विद्यार्थीहरुको लागि शुद्ध पिउने पानी व्यवस्थापनका आर्थिक सहयोग गरेका हुन । मिति २०७७/०३/०२ गते बैंकको हेटौंडा शाखामा सम्पन्न कार्यक्रमका बीच बैंकका शाखा प्रबन्धक शम्भु प्रसाद पराजुलीले रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष ईन्द्र प्रसाद नेपाल लाई रु. एक लाख पचास हजार रकमको चेक हस्तान्तरण गरेका थिए ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु
ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी
नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।
कसरी आफू बच्ने र अरुलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने।
मध्यान्ह Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**